# प्रस्तावना

७ अगस्त, सन् २००७ मा उत्तर बङ्ग विश्वविद्यालयको नेपाली विभागमा शोधकार्यका निम्ति आफूले प्रवेश पाएपछि लोकप्रिय आख्यानबारे अध्ययन गर्ने काम गर्न थालियो। उच्च एवम् गम्भीर साहित्यका तुलनामा लोकप्रिय साहित्यको अध्ययन गर्ने कामलाई विद्धत्वपूर्ण रुपले स्वीकार गर्ने परम्परा नरहे तापनि आजभोलि यसको अध्ययन गर्ने कामको विस्तार देखिन्छ। अध्ययन अथवा अन्वेषण गर्नेहरूका निम्ति लोकप्रिय साहित्यको अध्ययन गर्ने प्रक्रिया कठिन पनि हुन्छ किनभने लोकप्रिय संस्कृतिका रुपहरुलाई निकृष्ट मानेर हेय दृष्टिले हेर्ने परम्परा पनि समाजमा उस्तै प्रकारले चलेको हुन्छ। अतः सेक्सपियर, सम, इन्द्रबहादुर राई आदि पढ्ने समुदाय उत्कृष्ट कोटिको मानिने र मिल्स एन्ड बुन्सबाट प्रकाशित उपन्यासहरु पढ्ने, प्रकाश कोविद पढ्ने निकृष्ट कोटिको मानिने प्रचलनले अर्थ निक्यौलका क्षेत्रमा विवाद सृजना गर्ने काम गर्छ। यसो भए तापनि वस्तु र शिल्प-उपकरण जो प्रयोगमा छन् अथवा जनबहुलका निम्ति बनाइएका हुन् भन्ने बोध नै दिन्छ भने पनि सांस्कृतिक अध्ययनले त्यस विषयमा गम्भीर दृष्टि दिएर अध्ययन गर्नुपर्छ भन्ने तर्क दिन्छ। यसो हुँदा सांस्कृतिक अध्ययनमा लोकप्रिय संस्कृति भन्नाले बृहत् रुपले पालन गरेका आस्थाहरूको समूह (सेट), मूल्य र व्यवहार भन्ने बुझिन्छ। लोकप्रिय आख्यान लोकप्रिय संस्कृतिकै तत्त्व हुनाले आजभोलि साहित्य अध्ययनका क्षेत्रमा यसले महत्त्व राखेको छ। यसो हुँदा लोकप्रिय आख्यानलाई सांस्कृतिक पाठकै रूपमा स्वीकार गरेर यसमा निहित सामाजिक वैचारिकताको अध्ययन गर्ने काम भइरहेको पाइन्छ।

प्रकाश कोविद, सुवास घिसिङ, ज्ञानेश्वर गिरी, गिरिराज आचार्य, नेत्र कैदी, प्रसाद, सुजात जस्ता लोकप्रिय आख्यान सर्जगहरु नेपाली साहित्य क्षेत्रमा देखिएका छन्। यिनीहरुमध्ये प्रकाश कोविद १९६० देखि १९९० सम्मका प्रभावशील लोकप्रिय आख्यान सर्जग हुन्। यसो हुँदाहुँदै पनि नेपाली साहित्य अध्ययनका क्षेत्रमा लोकप्रिय साहित्यको अध्ययन गर्ने काम उस्तो नभएको हुनाले यस क्षेत्रतिर ध्यान दिएर प्रकाश कोविदका लोकप्रिय उपन्यासहरूको समाजपरक अध्ययन गर्ने काम यस

शोध प्रबन्धले गरेको छ। अतः प्रस्तुत शोध प्रबन्धले लोकप्रिय साहित्य अध्ययनका क्षेत्रमा थेरथोर दृष्टि पुऱ्याउन सके यसको महत्त्व रहने विश्वास गर्न सकिन्छ।

यस शोध प्रबन्ध तयार पार्दा सहयोग पुऱ्याउने निम्न व्यक्ति, सङ्घ-संस्था एवम् पुस्तकालय आदिप्रति म कृतज्ञ र ऋणी रहने छु-

आफ्ना धेरै व्यस्तताहरूलाई पन्साउँदै मेरो यस शोधकार्यमा यथोचित निर्देशन दिएर सहयोग पुऱ्याउनु हुने मेरा गुरु प्राध्यापक पुष्कर पराजुलीप्रति म कृतज्ञता व्यक्त गर्दै सधैँ ऋणी रहने छु। शोधकार्यमा आफ्ना धेरै व्यस्तताहरुबिच पनि सहृदयले सहयोग गर्नुहुने गुरुजनहरू प्रोफेसर भीमकान्त उपाध्याय, प्रोफेसर घनश्याम नेपाल, प्रोफेसर मोहन पी. दाहाल, प्रा. नरेशचन्द्र खाती, प्रा. शान्तिराम शर्मा, प्रा. कृष्णराज घतानीप्रति म नित्य ऋणी छु।

मलाई सबै कुराको चाँजो मिलाइदिएर सधैँ अगाडि बढ्ने उत्साह प्रदान गर्नुहुने मेरा बाबा अर्जुन पन्थ अनि आमा मीरा पन्थको स्नेह र अनुग्रहले मलाई सधैँ प्रेरित गरेको छ, उहाँहरुप्रति म भक्ति अर्पण गर्दछु। शोध प्रबन्ध तयार पार्दा गर्नुपर्ने खोज र अध्ययनका निम्ति यथेष्ट सहयोग दिने श्रीमती निलिमा थापाप्रति अशेष प्रेम छ। मेरी छोरी संस्कृति पन्थ, बहिनीहरु योजना र सृजना, भाइहरू योगेन, दिपेन, भुपेन र रुपेन, भान्जा संयोग र भान्जी सोनाक्षीलाई मैले यहाँ सम्झेको छु।

यस शोधकार्यका निम्ति चाहिएका आवश्यक सामग्रीहरू प्राप्त गर्नका निम्ति प्रयोग गरिएका उत्तर बङ्ग विश्वविद्यालयको केन्द्रीय पुस्तकालय, उत्तर बङ्ग विश्वविद्यालयको नेपाली विभागीय पुस्तकालय, कालेबुङको महकुमा पुस्तकालय, बिजनबारी ग्रामीण पुस्तकालय, खरसाङस्थित गोर्खा जन पुस्तकालय, खरसाङकै ब्लुमफिल्ड सब-डिभिजनल पुस्तकालय, दार्जिलिङस्थित देशबन्धु पुस्तकालय, दार्जिलिङकै उदय ग्रामीण पुस्तकालय, दार्जिलिङस्थित गिङबस्तीको लेडेनला ग्रामीण पुस्तकालय, कोलकातास्थित राष्ट्रिय पुस्तकालय, बनारस हिन्दू विश्वविद्यालयको केन्द्रीय पुस्तकालय, दिल्लीस्थित जवाहरलाल नेहरू विश्वविद्यालयको केन्द्रीय पुस्तकालयप्रति म ऋणी रहने छु।

शोधका निम्ति निस्वार्थ रुपले अन्तर्वार्ता दिनुहुने इन्द्रबहादुर राई, मङ्गलसिंह सुब्बा, गुप्त प्रधान, शरद् छेत्री, आनन्द खड्का, कृष्ण खड्का, सांवर अग्रवाल, नन्द हाङखिमप्रति कृतज्ञता व्यक्त गर्छु। यसरी नै आफूलाई चाहिएका सामग्रीहरू जुटाउनमा सहयोग गर्नुहुने प्रकाश कोविदका छोरा राम राई र छोरी इन्दिरा राई (तामङ) प्रति आभार व्यक्त गर्छु।

शोध प्रबन्ध तयार पार्दा आवश्यक सुझाउ, सल्लाह र सहयोग दिने साथीहरु वासुदेव पुलामी, सदीप प्रधान, सोनाम शेर्पा, सुरज धड्कन, मिलन वान्तवा, ज्ञानेन्द्र सुब्बा, देवचन्द्र सुब्बा, भुपेन तामङ, मनोज लामा, विक्रम राई, डुप छिरिङ लेप्चा, रेनुका तामङ, सबिता तामङ, दिपेन तामङ, विक्रम विश्वकर्मा, नारायण शर्मा, दुर्गा शर्मा, अभिषेक छेत्री, भुपाल छेत्री आदिप्रति म आभार व्यक्त गर्छु।

मलाई प्राथमिक शिक्षादेखि उच्च शिक्षा आर्जन गर्दासम्म शिक्षा प्रदान गर्नुहुने ती सबै गुरुबा एवम् गुरुमाप्रति म नित्य ऋणी रहने छु। यसरी नै मलाई प्रत्यक्ष-अप्रत्यक्ष रुपमा महत्त्वपूर्ण सहयोग पुऱ्याउने सम्पूर्ण शुभचिन्तकहरुलाई म सम्झन चाहन्छु।

11.04.12

योगेश पन्थ

नेपाली विभाग

उत्तर बङ्ग विश्वविद्यालय